# संघीय संसद
# प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
## बैठक संख्या - १
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल पुस २५ गते सोमबार

प्रतिनिधि सभाको पहिलो अधिवेशनको पहिलो बैठक माननीय ज्येष्ठ सदस्य/सम्माननीय सभामुख श्री पशुपति शम्शेर ज.ब.रा.को अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले सभाको पहिलो अधिवेशनको पहिलो बैठकमा पाल्नुभएको सम्पूर्ण मा० सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम सम्वत् २०७९ साल पुस २५ गते सोमबारका दिन १३:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा संघीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरेको छु ।

मिति :- २०७९ पुस १२ (विद्यादेवी भण्डारी)

तत्पश्चात सभाले लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट उठेर मौन धारण गर्‍यो ।

त्यसपछि सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रहरुको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (२) बमोजिम प्रतिनिधि सभाका माननीय सदस्य श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूलाई नेपालको प्रधानमन्त्री पदमा मिति २०७९/९/१० गते नियुक्त गर्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
सचिव

मिति : २०७९/९/१०

(ख) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहालज्यूको सिफारिसमा मिति २०७९/९/११ गते देहाय बमोजिमको मन्त्रिपरिषद् गठन गरी नियुक्ति र कार्यविभाजन समेत गर्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री पुष्पकमल दाहाल (प्रचण्ड) | प्रधानमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति; ऊर्जा, जलस्रोत तथा सिँचाई; कानुन, न्याय, तथा संसदीय मामिला; कृषि तथा पशुपंक्षी विकास; खानेपानी; परराष्ट्र; भूमि व्यवस्था तथा सहकारी तथा गरिबी निवारण; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक; युवा तथा खेलकुद; रक्षा; वन तथा वातावरण; शिक्षा विज्ञान तथा प्रविधि; श्रम, रोजगार तथा सामाजिक सुरक्षा; सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन; सङ्घीय मामिला तथा सामान्य प्रशासन ; सञ्चार तथा सूचना प्रविधि; सहरी विकास र स्वास्थ्य तथा जनसंख्या । |
| २. | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री | अर्थ । |
| ३. | श्री नारायणकाजी श्रेष्ठ | उपप्रधानमन्त्री | भौतिक पूर्वाधार तथा यातायात । |
| ४. | श्री रबि लामिछाने | उपप्रधानमन्त्री | गृह । |
| ५. | श्री ज्वाला कुमारी साह | मन्त्री | कार्यभार पछि तोकिने । |
| ६. | श्री दामोदर भण्डारी | मन्त्री | कार्यभार पछि तोकिने । |
| ७. | श्री राजेन्द्र कुमार राई | मन्त्री | कार्यभार पछि तोकिने । |
| ८. | श्री अब्दुल खान | मन्त्री | कार्यभार पछि तोकिने । |

(यादवप्रसाद कोइराला)
सचिव

मिति : २०७९/९/१२

तदुपरान्त सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०४ बमोजिम प्रतिनिधि सभाले आफ्नो कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य काम कारबाही नियमित एवं प्रभावकारी बनाउन यस प्र तिनिधि सभाले सभाको नियमावली नबनाएसम्मको लागि "प्रतिनिधि सभा नियमावली, २०७५" बमोजिम सभाको कामकारवाही गर्ने प्रस्तावलाई बैठक समक्ष स्वीकृतिको लागि पेश गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १० बमोजिम सभामुख तथा उपसभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्नलिखित मा० सदस्यहरुलाई मनोनयन गरेको व्यहोरा जानकारी गराउनु भयो ।

(१) मा० श्री ईश्वरी देवी न्यौपाने
(२) मा० श्री चन्दा कार्की भण्डारी
(३) मा० श्री देवराज घिमिरे
(४) मा० श्री प्रतिक्षा तिवारी
(५) मा० श्री बुद्धिमान तामाङ्ग
(६) मा० श्री रामकृष्ण यादव
(७) मा० श्री सुशिला सिर्पाली ठकुरी

त्यसपछि सभाको पहिलो अधिवेशनको अवसरमा दलीय प्रतिनिधित्वको आधारमा देहायका मा० सदस्यहरुले मन्तव्य राख्नुभयो ।

१. सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)
२. मा० श्री शेरबहादुर देउवा
३. मा० श्री के.पी. शर्मा ओली
४. मा० उपप्रधान तथा गृहमन्त्री श्री रबि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
६. मा० श्री रामसहाय प्रसाद यादव
७. मा० श्री माधव कुमार नेपाल
८. मा० डा. चन्द्रकान्त राउत
९. मा० श्री शरत सिंह भण्डारी
१०. मा० श्री रञ्जिता श्रेष्ठ
११. मा० श्री प्रेम सुवाल
१२. मा० श्री चित्रबहादुर के.सी.
१३. मा० डा० अमरेश कुमार सिंह
१४. मा० श्री प्रभु साह
१५. मा० श्री योगेन्द्र मण्डल

तदुपरान्त सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्न प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (१) बमोजिम प्रस्तावको सूचना दिनुभएकोले सो प्रयोजनको लागि सोही नियमको उपनियम (३) बमोजिम मिति २०७९ पुस २६ गते बिहान ११:०० बजे बस्ने बैठकको समय तोकेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले पूर्व सदस्यहरुको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरु प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ सालको संसदीय निर्वाचनमा गोरखा जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य तथा वि.सं. २०५६ सालको राष्ट्रिय सभा सदस्यमा निर्वाचित एवं व्यवस्थापिका-संसद २०६३/६४ को सदस्य, जीवनकालभर सामाजिक सेवामा समर्पित र लोकतान्त्रिक आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएकी सुश्री मैयाँदेवी श्रेष्ठको ९४ वर्षको उमेरमा मिति २०७९ साल कार्तिक ६ गते आइतबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक तत्कालिन एकीकृत ने.क.पा. (माओवादी) पार्टीबाट वि.सं. २०६४ सालको संविधान सभा निर्वाचनमा ओखलढुंगा जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य एवं हाल ने.क.पा. (एमाले) मा क्रियाशील रहनु भएका, नेपाल कम्युनिष्ट आन्दोलन, प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली तथा लोकतन्त्र सुदृढीकरणमा योगदान दिनुभएका बालकृष्ण ढुङ्गेलको ५३ वर्षको उमेरमा मिति २०७९ साल कार्तिक २२ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ग) "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यको रुपमा निर्वाचित सदस्य एवं लोकतान्त्रिक आन्दोलनहरुमा अतुलनिय योगदान पुऱ्याउनु भएका, सरल र मिलनसार स्वभावका नेता झुलबहादुर आलेको ७२ वर्षको उमेरमा मिति २०७९ साल मंसिर ९ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले स्वर्गीय मैयाँ देवी श्रेष्ठ, बालकृष्ण ढुंगेल र झुलबहादुर आलेको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर बैठक २०७९ साल पुस २६ गते मंगलबार बिहान ११:०० बजे बस्नेगरी दिनको ४:०० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव